# पाठ ४: ठुला बालबालिकाहरूका लागि कथा

Published by
Elektra Media Ltd
Istambha Nepal

# पाठ ४: ठुला बालबालिकाहरूका लागि कथा

पाठ ४ ले ठुला बालबलिकाहरूका लागि कथा उपलब्ध गराउँछ र कथा के हो, यसले कसरी काम गर्छ र यो किन महत्त्वपूर्ण छ भनेर अन्वेषण गर्न तपाईंको अध्ययन समूहलाई सहायता गर्दछ। तपाईंले यही क्रममा आफ्ना मनपर्ने पुस्तकहरूको विषयमा बातचित गर्न पनि सक्नुहुनेछ। यस प्रस्तुतीले तपाईंलाई हरेक कार्यपुस्तिकाको सारांश प्रदान गर्नेछ र केही क्रियाकलापहरूको निम्ति आवश्यक सामग्री र सहयोगी उपायहरूको सुची पनि प्रदान गर्नेछ।

यस पाठमा भएका क्रियाकलापहरूमा धेरै सीपहरू सामेल छन्, जसमा समूहमा अध्ययन गर्ने, छलफल गर्ने र लेख्ने जस्ता क्रियाकलापहरू समावेश हुन्छन्। यसमा स्वतन्त्र रूपमा, जोडीमा र समूहमा मिलेर कार्य गर्न आवश्यक हुन्छ। यी क्रियाकलापहरूलाई संकेतहरूद्वारा जनाइएको छः


छलफल क्रियाकलाप


लेख्ने क्रियाकलाप


सामूहिक अध


जोडी-जोडीमा कार्य गर्ने


बोल्ने क्रियाकलाप


समूहमा कार्य गर्ने

यस्तो संकेत भएको कार्यपुस्तिकामा तपाईंले अतिरिक्त सल्लाहहरू पाउन सक्नुहुनेछ। 

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# कार्यपुस्तिकाहरू को प्रयोग कसरी गर्ने

हरेक एकाइका क्रियाकलापहरू एकपट्टिमात्र प्रिन्ट गरिएका कार्यपुस्तिकाहरूमा समेटिएका छन् ।

सम्भव भएसम्म, समूहमा बाँड्नको निम्ति कार्यपुस्तिकाहरू प्रिन्ट गर्नुहोस् ।

तर यसो गर्न सम्भव नभएमा चिन्ता नगर्नुहोस् । त्यसको निम्ति तपाईंले दिइएका कुरा गर्न सक्नुहुन्छः

- यदि तपाईंसँग कम्प्युटर छ भने कम्प्युटर स्क्रिनमा देखाउनुहोस् ।
- मोबाइलको प्रयोग गरेर सबै विद्यार्थीलाई देखाउनुहोस् ।
- क्रियाकलाहरूलाई ठूलो सेतो/कालो पाटीमा लेख्नुहोस् ।
- सत्र सुरु गर्नु अगाडि कार्यपुस्तिकालाई हेर्नुहोस् र तपाईंको अध्ययन समूहसँग गर्ने क्रियाकलापहरूको नोट बनाउनुहोस् ।

तपाईंले कुनै पनि कुरा प्रिन्ट गर्नुपर्ने वा पुस्तकालयमा स्क्रिनमा देखाउनु पर्ने बाध्यता छैन ।
यी सामाग्रीहरूलाई अवधारणाहरूको रूपमा प्रयोग गर्नुहोस्, तिनलाई स्मरण गर्नुहोस्, तिनीहरूको बारेमा अरूलाई बताउनुहोस् र ती अवधारणाहरूको प्रयोग गर्नुहोस् ।
सामाग्रीहरूको अभाव छ भने, लेख्ने र चित्र कोर्ने क्रियाकलापहरूलाई समूहिक छलफल क्रियाकलापमा बदल्न सक्नुहुन्छ । विद्यार्थीहरूले लेख्नु वा तिनीहरूले बनाएको चित्रको वर्णन गर्नुको साटो कथा भन्न सक्छन् । यी क्रियाकलापहरूलाई पुस्तकालयमा उपलब्ध सामाग्री अनुसार अनुकूल तरिकाले प्रयोग गर्न सकिन्छ ।

तपाईंले यी सामाग्रीहरू जुनसुकै बेला डाउनलोड गर्न सक्नुहुन्छ र तिनीहरूलाई कम्प्युटर, स्थानीय संजाल (नेटवर्क) वा तपाईंको फोनमा राख्न सक्नुहुन्छ । यसको निम्ति तपाईंले www.library-nepal.com मा जानुपर्छ ।

Published by Elektra Media Ltd
Istambha Nepal

# १) कवितामा लय र पद्य

यस सत्रमा, अध्ययन समूहले एउटै उच्चारण भएका शब्दहरूबारे विचार गर्नेछन्, कुनै एउटा कवितालाई पढ्नेछन् र ताल अनुसार ताली बजाउनेछन्, र मिलेर एउटा कविता रच्नेछन्।

## सामग्री:


- एउटा कविताको पुस्तक (वा कुनै परिचित कविता)
- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)

## क्रियाकलापका निम्ति सुझावहरू:

१. पद्य के हो भन्ने कुरा सबैले बुझ्नू भनेर सुनिश्चित गर्नुहोस्। पद्य ती शब्दहरू हुन् जसका एउटै ध्वनि वा उच्चारण हुन्छन्।

२. एउटा यस्तो कविता छान्नुहोस् जुन समूहको सबै जनाले कम्तिमा पनि एक-एक पङ्क्ति पढ्न सकिने गरी लामो होस्। आफ्नो पङ्क्तिलाई उच्च, र स्पष्ट स्वरमा पढ्नुहोस् र त्यसलाई जति सक्दो रोमान्चक बनाउनुहोस्। यदि कसैले उच्च स्वरमा पढ्न चाहँदैन भने, तिनीहरूलाई कर नलगाउनुहोस्।

३. लय के हो भन्ने कुरा सबैले बुझ्नू भन्ने सुनिश्चित गर्नुहोस्। सङ्गीतमा ड्रम वा ढोलको ताल भएझैं, लय चाहिँ कविताको ताल हो। उदाहरणको निम्ति तपाईंले पहिलोताललाई आफैंले ताली बजाएर प्रदर्शन गर्न सक्नुहुन्छ।



कवितामा लय र पद्य (अनुप्रास)

पाठ ४ ठुला बालबालिकाहरूका लागि कथा

भावनाहरू र विचारहरूका विषयमा बातचित गर्नको निम्ति कविताले सृजनात्मक शब्दहरूको प्रयोग गर्दछ। यसलाई पङ्क्तिहरूमा लेखिन्छ र प्राय यसमा विशेष प्रकारको ध्वनिको ढाँचा हुन्छ जसलाई लय वा अनुप्रास (पद्य) भनिन्छ। सङ्गीतमा ड्रम वा ढोलको ताल भएझैं, लयचाहिँ कविताको ताल हो। पद्य भनेका ती शब्दहरू हुन् जसका उस्तै ध्वनि वा उच्चारण हुन्छन्। यस सत्रमा, तपाईंले लय र पद्यको विषयमा अन्वेषण गर्नुहुनेछ, र तपाईंको आफ्नै कविता रच्नुहुनेछ।

समुहले पाठ २ मा नै कविताको विषयमा अध्ययन गरिसकेको हुनसक्छ। यदि छैन भने, ती क्रियाकलापहरू पनि गर्ने प्रयास गर्नुहोस्।

१. तिन जनाको समुहमा वा जोडी-जोडी भएर कार्य गर्नुहोस्। तपाईंको रिडिङ्ग च्याम्पियन (पठन शिर्षकधारक) ले एउटा शब्दको चयन गर्नुहुनेछ। यस शब्दको ध्वनिसँग मिल्ने पद्य शब्दहरूको सुची बनाउनको निम्ति तपाईंसँग ३० सेकेन्ड रहनेछ। धेरैभन्दा धेरै पद्य शब्दहरूको सुची बनाउने समुह विजयी हुनेछ!

पद्य भनेका ती शब्दहरू हुन् जसका उस्तै ध्वनि वा उच्चारण हुन्छन्।

२. पुस्तकालयबाट एउटा कविता छान्नुहोस्। गोलो आकार गरेर बस्नुहोस् र हरेकले पालैपालो गरी कविताबाट एक-एक हरफ पढ्नुहोस् वा भन्नुहोस्। आफ्नो पङ्क्ति पढ्नुहोस् वा भन्नुहोस् र त्यसपछि त्यो पुस्तक अर्को व्यक्तिलाई दिनुहोस्।

यदि तपाईंसँग कविताको पुस्तक छैन भने, सबैलाई आउने एउटा कवितालाई प्रयोग गर्नुहोस्।

समुहलाई प्रारम्भ गर्न सहायता गर्नको निम्ति पहिलो पङ्क्तिलाई तपाईं आफैंले नै पढ्न सक्नुहुन्छ।

३. गोलो घेरा बनाएर बस्नुहोस् पुनः हरेकले पालैपालो गरी कविताबाट एक-एक हरफ पढ्नुहोस्। सबै हरफहरू पढिसकेपछि, एकसाथ लय वा तालसँगसँगै ताली बजाउनुहोस्। त्यस लय वा तालमा तपाईंले सुनेको ढाँचाबारे छलफल गर्नुहोस्।

लय के हो भन्ने कुरा समुहमा सबै जनालाई थाहा होस् भन्ने कुरा सुनिश्चित गर्नुहोस्। सङ्गीतमा ड्रम वा ढोलको ताल भएझैं, लय चाहिँ कविताको ताल हो।

४. समुहमा तालीको प्रयोग गरी छोटो आफ्नै ढाँचा तयार गर्नुहोस्। कुनै एउटा विषयमाथि सबैजना सहमत हुनुहोस् (उदाहरणको लागि, तपाईंको विद्यालय, मौसम, वा तपाईंको मनपर्ने जनावर) र त्यो ढाँचालाई सुहाउँदो एउटा पङ्क्ति तयार गर्नुहोस्। एउटा कविता बनाउनको निम्ति हरेकले आ-आफ्नो पङ्क्तिलाई पालैपालो भन्नुहोस्। सम्भव भएमा, पुस्तकालयमा राख्नको निम्ति तपाईंको कविताको एक प्रति तयार गर्नुहोस्।

अझ अतिरिक्त चुनौतिको निम्ति, तपाईंले समुहलाई कविता पद्यमा लेख्नको निम्ति आग्रह गर्न सक्नुहुन्छ।

elektra media Published by Elektra Media Ltd

Istambha Nepal

# २) विवरण

यस सत्रमा, अध्ययन समूहले आफ्ना मनपर्ने कथाहरूबारे बातचित गर्नेछन्, कथाको सुरुवात, मध्य र अन्त्य सृजना गर्नेछन् र त्यसपछि के हुनेछ भनेर अनुमान गर्नेछन् ।

## सामग्री:


- पुस्तकालयबाट छानिएका केही पुस्तकहरू
- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)

## क्रियाकलापका निम्ति सुझावहरू:

१. विद्यार्थीहरूलाई मनपर्ने कथा तिनीहरूलाई **किन** मनपर्ने भयो भनेर वर्णन गर्नको निम्ति सहायता पुऱ्याउन कार्यपुस्तिकामा भएका प्रश्नहरूलाई प्रयोग गर्नुहोस् । समूहमा भएका सबैजनालाई बोल्ने मौका मिलोस् भन्ने कुरा सुनिश्चित गर्ने प्रयास गर्नुहोस्, तर कसैलाई पनि कर नलगाउनुहोस् ।

२. समूहहरूलाई सकेसम्म छिटो आफ्नो विचारहरू राख्नको निम्ति मार्गदर्शन गर्नुहोस् । यदि तपाईंसँग घडी वा टाइमर छ भने, तपाईंले समयको सीमा तोक्न सक्नुहुन्छ ।

३. समूहहरूलाई तिनीहरूलाई थाहा भएका कथाहरूबारे सोध्नुहोस् । यदि धेरैलाई एउटै कथाबारे थाहा छ भने, तिनीहरू एउटै समूहमा कार्य गर्न सक्छन् । वैकल्पिक रूपमा, तपाईंले यस क्रियाकलापलाई सबैलाई थाहा भएको कथामा आधारित गर्न सक्नुहुन्छ, र त्यसपछि विचारहरूलाई तुलना गर्न सक्नुहुन्छ । समूहले कति वटा भिन्न-भिन्न अन्त्यहरूबारे विचार गर्न सक्छन् ?


आख्यान
पाठ ४ ठुला बालबालिकाहरूका लागि कथा

विवरण घटनाहरूको कहानी वा वर्णन हो । सामान्यतया यसमा सुरुवात, मध्य र अन्त्य गरी तिन भागहरू हुन्छन् । यस सत्रमा, तपाईंले केही सुरुवातहरू, मध्यहरू र अन्त्यहरू रच्नुहुनेछ, र आफ्नो मनपर्ने कथाको विषयमा बातचित गर्नुहुनेछ ।

१. तपाईंलाई कुन-कुना कथाहरू थाहा छ ?
तपाईंलाई सबैभन्दा मनपर्ने कथा कुन हो र किन ?

विद्यार्थीहरूलाई तिनीहरूका विचारहरूका बारेमा बातचित गर्न सहायता गर्नको निम्ति यी प्रश्नहरू सोध्नुहोस्:
- के तपाईं आफैंले कथा पढ्नुभयो वा कसैले तपाईंलाई सुनाएको हो ?
- यदि तपाईंले कथा पढ्नुभएको हो भने, के त्यो पुस्तक तपाईंले पुस्तकालयबाट लिनुभएको थियो ?
- तपाईंको निम्ति कथाको सबैभन्दा मनपर्ने भाग कुन हो ?
- त्यसले तपाईंलाई कस्तो महसुस गरायो ?

२. तिन-तिन जनाको समुहमा कार्य गर्नुहोस् ।
पुस्तकालयबाट एउटा पुस्तक छान्नुहोस् ।
त्यसको अगिल्लो आवरण पृष्ठ र शिर्षकलाई नजिकबाट हेर्नुहोस् ।
पहिलो व्यक्तिले कथाको सुरुवातलाई रच्नेछ ।
दोस्रो व्यक्तिले कथाको मध्य भाग रच्नेछ ।
तेस्रो व्यक्तिले कथाको अन्त्य रच्नेछ ।
त्यस पुस्तकको कथासँग तपाईंहरूको कथा मिल्दो छ कि छैन भनेर जान्नको निम्ति पुस्तकको पछिल्लो आवरण पृष्ठमा भएको वर्णनलाई पढ्नुहोस् ।

विचारहरू संक्षिप्त र सरल हुनसक्छन् ।

यदि पुस्तकको पछिल्लो आवरण पृष्ठमा कुनै वर्णन समावेश गरिएको छैन भने, त्यो पुस्तक केको विषयमा हो भनेर थाहा गर्नको निम्ति त्यसको केही पानाहरूलाई पल्टाई हेर्नुहोस् ।

३. तपाईंलाई थाहा भएको कुनै एउटा कथाको भिन्नै अन्त्य रच्नुहोस् ।
त्यसलाई लेख्नुहोस् वा आफ्नो साथीलाई बताउनुहोस् ।
तपाईंलाई विचार गर्नको निम्ति सहायता होस् भनेर तपाईंले पुस्तकालयबाट केही पुस्तकहरूलाई हेर्न सक्नुहुन्छ ।

समुहमा सबै जनालाई थाहा भएको कथालाई लिएर तपाईंले यो क्रियाकलाप गर्न सक्नुहुन्छ, र त्यसपछि फरक-फरक अन्त्यहरूलाई

४. यदि तपाईंले हालै कुनै पुस्तक पढ्दै हुनुहुन्छ भने, यसपछि कथामा के हुनेछ भन्ने तपाईंलाई लाग्छ ?
तपाईंका विचारहरूलाई लेख्नुहोस् वा आफ्नो कुनै साथीलाई ती बताउनुहोस् ।

यदि तपाईंले हालै कुनै पुस्तक पढ्दै हुनुहुन्न भने, पुस्तकालयबाट एउटा पुस्तक छान्नुहोस् ।
त्यसको पहिलो पृष्ठ र पछिल्लो आवरण पृष्ठको वर्णनलाई पढ्नुहोस् ।
तपाईंको विचारमा यसपछि उसो के हुन्छ होला ?
तपाईंका विचारहरूलाई लेख्नुहोस् वा आफ्नो कुनै साथीलाई ती बताउनुहोस् ।
अब त्यस पुस्तकलाई पुरै पढ्नुहोस् र तपाईंको विचार सही भयो वा भएन हेर्नुहोस् ।

Published by Elektra Media Ltd
Istambha Nepal

# ३) पात्रहरूको विकास गर्नु

यस सत्रमा, अध्ययन समूहले तिनीहरूलाई थाहा भएका सबै पात्रहरूको सुची तयार गर्नेछन्, प्रश्नहरू सोधेर कुन पात्र हो भनेर अनुमान लगाउन कोसिस गर्नेछन्, पुस्तकको आवरण पृष्ठबाट कुनै पात्रको वर्णन तयार गर्नेछन् र आफ्ना मनपर्ने पात्रहरूका विषयमा बातचित गर्नेछन् ।

---

## सामग्री:

- आवरण पृष्ठहरूमा भिन्न-भिन्न पात्रहरू भएका पुस्तकालयबाट कथाका पुस्तकहरू
- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)

---

## क्रियाकलापका निम्ति सुझावहरू:

१. तपाईंले आफैं नै एउटा पात्र छान्न सक्नुहुन्छ र उत्तर दिने व्यक्तिको कानमा सुटुक्क बताउन सक्नुहुन्छ । त्यो पात्र सबैले चिनेको पात्र होस् भन्ने कुरा सुनिश्चित गर्नुहोस् – त्यो पात्र मानिस, जनावर, वा देव-देवी जे सुकै हुन सक्छ । त्यो पात्र पुस्तकालयको पुस्तकबाट नै हुनुपर्छ भन्ने छैन ।

२. र ३. यदि तपाईंको समूह वर्णनहरू तयार गर्न पोख्त छ भने, तपाईंले विद्यार्थीहरूलाई उस्तै देखिने पात्रहरू भएका तिन वटा आवरण पृष्ठहरूलाई छनोट गर्न दिएर यी क्रियाकलापहरूलाई कठिन बनाउन सक्नुहुन्छ ।

४. विद्यार्थीहरूलाई मनपर्ने पात्र तिनीहरूलाई **किन** मनपर्ने भयो भनेर वर्णन गर्न सहायता गर्न कार्यपुस्तिकामा भएका प्रश्नहरूलाई प्रयोग गर्नुहोस् । समूहमा भएका सबैजनालाई बोल्ने मौका मिलोस् भन्ने कुरा सुनिश्चित गर्ने प्रयास गर्नुहोस् ।

**पात्रहरूको विकास गर्नु**
पाठ ४ ठुला बालबालिकाहरूका लागि कथा

पात्र भनेको कथामा भएको व्यक्ति हो । कहिलेकहीँ पात्र जनावर वा अरू कुनै प्राणी पनि हुन सक्छन्, जस्तै देव वा देवी । यस सत्रमा, तपाईंले पात्रहरूका व्यक्तित्वहरूको वर्णन गर्नुहुनेछ र पात्रहरूले कथालाई कसरी जीवन्त बनाउँछन् भन्ने विषयलाई अन्वेषण गर्नुहुनेछ ।

१. गोलो आकारमा बस्नुहोस् ।
तपाईंको समुहलाई कथाहरूका कति वटा पत्रहरूबारे थाहा छ ?
कथाबाट एउटा-एउटा पात्रलाई पालैसँग बताउनुहोस् ।
तपाईंले मानिसहरू, देव-देवीहरू वा जनावरहरूका कथाहरूलाई समावेश गर्न सक्नुहुन्छ । यदि तपाईंसँग कागज छ भने एउटा सुची बनाउनुहोस् ।

इच्छा भएको कोही छ भने उसलाई बोलाउनुहोस्, वा समुहको अगि गएर बोल्न सक्ने कोही एकलाई तपाईंले छान्नुहोस् ।

२. समुहमा कार्य गर्नुहोस् ।
एउटा व्यक्तिले अगिल्लो क्रियाकलापबाट एउटा पात्रलाई छान्नेछ जसको विषयमा समुहको सबैलाई थाहा छ ।
उसले त्यस पात्रको भुमिकाको अभिनय गरेर देखाउँनेछ ।
समुहले त्यस पात्रको विषयमा प्रश्नहरू सोध्नेछ, र उसले 'हो' वा 'होइन' भनेर जवाफ दिनेछ ।
के त्यो पात्र को हो भनेर समुहले अनुमान गर्न सक्छ त ?

३. हरेक व्यक्तिले अगाडिको आवरण पृष्ठमा रोचक देखिने पात्र भएको पुस्तकलाई पुस्तकालयबाट छान्नेछ ।
त्यस पात्रको व्यक्तित्व कस्तो छ भन्ने तपाईंलाई लाग्छ ?
त्यस पत्रको व्यक्तित्वको एउटा वर्णन लेख्नुहोस् वा आफ्नो साथीलाई तपाईंका विचारहरू बताउनुहोस् ।

४. पुनः तपाईंको वर्णनलाई पढ्न वा सुन्न आफ्नो साथीलाई आग्रह गर्नुहोस् ।
तपाईंले आफ्नो साथीलाई पात्रहरू भएका तिन वटा पुस्तकका आवरण पृष्ठहरू देखाउनुहोस् (एउटाचाहिँ त्यो पुस्तक पनि हुनुपर्छ जसलाई तपाईंले वर्णन गर्नको निम्ति छान्नुभएको थियो) ।
के त्यो साथीले तपाईंको वर्णन कुन पात्रको विषयमा थियो भनेर अनुमान गर्न सक्छ ?

समयको बचत गर्नको निम्ति, तपाईंले हरेक जोडीको निम्ति एउटा अतिरिक्त आवरण पृष्ठ छान्न सक्नुहुन्छ ।

५. कुनै कथाको तपाईंलाई मनपर्ने पात्र कुन हो ?
त्यो एउटा व्यक्ति, जनावर वा देव वा देवी हुन सक्छ ।

यदि विद्यार्थीहरू रोकिए भने यी प्रश्नहरू सोध्नुहोस्:

- तपाईंलाई त्यस पात्रको के मनपर्छ ?
- के त्यस पात्रले तपाईंलाई तपाईंले चिन्नुहुने कसैको सम्झना दिलाउँछ ?
- के त्यस पात्रको विषयमा तपाईंलाई मननपर्ने कुरा केही छ ?
- त्यो पात्र हाम्रो अध्ययन समुहमा आयो भने के हुन्छ होला ?

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# ४) विषयवस्तुहरू

यस सत्रमा, अध्ययन समूहले तिनीहरूलाई थाहा भएको कथाहरूका विषयवस्तुहरूबारे विचार गर्नेछन्, पुस्तकालयका पुस्तकहरूका विषयवस्तुहरूको अनुमान लगाउनेछन् र तिनीहरूले कथाहरू र कविताहरूबाट सिकेका कुराहरूबारे बातचित गर्नेछन् । सुरुवात गर्नुअगि, विषयवस्तु के हो भन्नेबारे सबैले बुझेका छन् भनेर सुनिश्चित गर्नुहोस् ।

## सामग्री:


- छानिएका केही कथाका पुस्तकहरू
- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)

## क्रियाकलापका निम्ति उपायहरू:

१. यदि विद्यार्थीहरूले काम गर्न नसकेर रोकिन सक्ने भएकोले तिनीहरूलाई सहायता गर्नको निम्ति सत्र सुरु हुनुभन्दा अगि नै केही उदाहरणहरू विचार गर्न सक्नुहुन्छ ।

२. पुस्तकहरूलाई विषयवस्तुहरूका आधारमा विभाजन गर्ने काममा समूहलाई सहायता गर्नको निम्ति कार्यपुस्तिकामा भएका सुझावहरूलाई प्रयोग गर्नुहोस् । यदि कुनै पुस्तक एउटाभन्दा धेरै विषयवस्तुसँग मिल्दो छ भने, कुनचाहिँ मुख्य हो भनेर निर्णय गर्नको निम्ति समूहलाई आग्रह गर्नुहोस् ।

३. विचारहरूका विषयमा सोच्नको निम्ति समूहलाई केही समय दिनुहोस् । समूहमा भएका सबैजनालाई बोल्ने मौका मिलोस् भन्ने कुरालाई सुनिश्चित गर्ने प्रयास गर्नुहोस्, तर कसैलाई पनि कर नलगाउनुहोस् ।


विषयवस्तुहरू (प्रसङ्गहरू)
पाठ ४ ठुला बालबालिकाहरूका लागि कथा

विषयवस्तु भनेको कथाको मुख्य अवधारणा वा सन्देश हो । यस सत्रमा, तपाईंलाई थाहा भएका केही कथाहरूका विषयवस्तुहरूलाई तपाईंले अन्वेषण गर्नुहुनेछ ।

१. यी प्रश्नहरूलाई समुहमा छलफल गर्नुहोस्:
के तपाईंले एउटा यस्तो कथा भन्न सक्नुहुन्छ जहाँ ...
- कोही शाहसी थियो ?
- कोही निर्दयी थियो ?
- जहाँ पत्रहरू मिलेर काम गर्दथे ?

यी हरेक अवस्थामा, के यही नै कथाको मुख्य अवधारणा थियो ?
यदि थियो भने, यही नै कथाको विषयवस्तु हो । यदि थिएन भने, तपाईंको विचारमा विषयवस्तुचाहिँ के थियो ?

२. पुस्तकालयबाट १० कथाका पुस्तकहरू एकत्र गर्नुहोस् ।
अगाडि र पछाडिका आवरण पृष्ठहरूलाई ध्यानपुर्वक हेर्नुहोस् ।
तिनीहरूका के कस्ता भिन्न-भिन्न विषयवस्तुहरू हुन सक्छन् ?
तिनीहरूलाई समुहमा विभाजन गर्नुहोस् ।

यदि पुस्तकालयमा दशवटा कथाका पुस्तकहरू छैनन् भने, तपाईंले सक्नुहुने जति एकत्र गर्नुहोस् ।

उदाहरणको लागि:
- साथीहरू
- परिवार
- सिकाइ
- विकास हुने

३. तपाईंलाई थाहा भएको एउटा कथाको बारेमा विचार गर्नुहोस् ।
- तपाईंलाई थाहा भएका अरू कथाहरूसँग यो कसरी मिल्दो-जुल्दो छ ?
- तपाईंलाई थाहा भएका अरू कथाहरूभन्दा यो कसरी फरक छ ?
- दुईवटा कथाहरूमा केन्द्रित हुनुहोस् । यी कथाहरूका पात्रहरू एक-आपसमा भेटे भने के हुन्छ होला ?

आफ्ना विचारहरू लेख्नुहोस् वा ती आफ्नो साथीलाई बताउनुहोस् ।

४. गोलो घेरा बनाएर बस्नुहोस् ।
हामीले कथाहरू र कविताहरूबाट के सिक्न सक्छौँ ?
तपाईंले देव-देवीहरूका कथाहरूबारे विचार गर्न सक्नुहुन्छ ।
कथा वा कविताबाट तपाईंहरूले सिक्नुभएको कुनै कुरालाई पालैपालो वर्णन गर्नुहोस् ।

आफ्ना विचारहरूका बारेमा चिन्तन गर्नको निम्ति समुहलाई केही समय दिनुहोस् । सहायताको निम्ति तिनीहरूले पुस्तकालयका पुस्तकहरू हेर्न सक्छन् ।

५. तपाईंको रुचि भएको कुनै एउटा विषयवस्तुको पुस्तकलाई पुस्तकालयबाट छान्नुहोस् ।
तपाईंले त्यसबाट के सिक्न सक्नुहुन्छ भन्नेबारे समुहलाई बताउनुहोस् ।
तपाईंले अपेक्षा गर्नुभएको कुरा तपाईंले सिक्नुहुन्छ कि हुन्न भनेर थाहा गर्न पुस्तकलाई पढ्नुहोस् ।
यदि तपाईंले केही भिन्न कुरा सिक्नुभयो भने, त्यसको विषयमा अर्को सत्रमा समुहलाई बताउनुहोस् ।

Published by Elektra Media Ltd
Istambha Nepal

हाम्रा सल्लाहहरू र सामाग्रीहरूको प्रयोग गरेर तपाईंको विद्यालयमा पढाइ कार्यक्रम सुरुवात गर्ने काममा हर सफलताको कामना गर्दछौँ।

हाम्रा सबै कार्यपुस्तिकाहरू दिइएको वेभ ठेगानाबाट डाउनलोड गर्न सक्नुहुन्छः
www.library-nepal.com

यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने दिइएको इमेल ठेगानामा हामीलाई सम्पर्क गर्न सक्नुहुन्छः
info@library-nepal.com

elektra media Published by Elektra Media Ltd
Istambha Nepal